पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ४६ प्रमाणित मितिः २०७७ माघ ११ गते

## भाग २

# पोखरा महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७७

**प्रस्तावना** : स्थानीय सरकार संचालन ऐनले स्थानीय तहको हकमा संघीय खरिद ऐन लागू हुने स्पष्ट पारी नियमावलीको हकमा स्थानीय तहले जारी गरी लागू गर्न सक्ने भनी उल्लेख भएको तथा पोखरा महानगरपालिकाले गर्ने सार्वजनिक खरिदको हकमा, मुलतः संघीय नियमावली नै लागू गर्ने तर सो नियमावलीमा स्थानीय तहको आवश्यकता र संगठन ढाँचा वमोजिम गर्नुपर्ने प्रवन्धहरु गरी लागू गर्ने उद्देश्य लिई,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरि पोखरा महानगरपालिका नगर कार्यपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो नियमावलीको नाम "पोखरा महानगपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७" रहेको छ ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले संघीय खरिद ऐन सम्झनु पर्छ ।

(ख) "संघीय नियमावली" भन्नाले संघीय सार्वजनिक खरिद नियमावली सम्झनु पर्छ ।

(ग) "कार्यालय प्रमुख" भन्नाले यस महानगरपालिका भित्र भुक्तानी केन्द्रको रुपमा संचालित महाशाखा प्रमुखको जिम्मेवारी प्राप्त व्यक्ति बुझिन्छ र सो शब्दले कम्तिमा अधिकृत स्तर छैटौं प्रशासकीय प्रमुख रहेको वडा सचिवलाई समेतलाई जनाउनेछ ।

## परिच्छेद–२

## खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान

४. **खरिद सम्बन्धी कार्य जिम्मेबारीको तहगत ब्यवस्था** : महानगरपालिकामा सार्वजनिक खरिदको प्रयोजनको लागि निम्न वमोजिम जिम्मेवारी सम्बन्धी तहगत व्यवस्था गरिएको छ र उक्त जिम्मेवारी निर्वाहका शर्तहरु यस प्रकार रहनेछन् :

(क) वडा स्तरीय कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त अधिकार बमोजिम हुने,

(ख) महाशाखा स्तरीय कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त अधिकार बमोजिम हुने,

(ग) प्रमुख प्रशासकीय अधिकृत,

(घ) नगर प्रमुख,

(ङ) नगर कार्यपालिका : नगर कार्यपालिका महानगरपालिकाबाट हुने सार्वजनिक खरिदको प्रयोजनको लागि सर्वोच्च कार्यकारी निकायको रुपमा रहनेछ र यसले महानगरपालिकाको हकमा ऐन तथा संघीय नियमावलीले नेपाल सरकार, मन्त्रिपरिषद्लाई प्रदान गरेको अधिकारको प्रयोग गर्नेछ ।

५. **खरिद गुरुयोजनाको स्वीकृति** : (१) महानगरपालिकाको नगर कार्यपालिकाले खरिद गुरुयोजना स्वीकृत तथा समय समयमा संशोधन गर्नेछ ।

(२) नगर कार्यपालिकाको बैठकले बहुवर्षीय आयोजनाको रुपमा पारित गरेका योजना तथा कार्यक्रम समावेश गरी खरिद गुरुयोजना प्रमाणित गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ ।

६. **बार्षिक खरिद योजनाको स्वीकृति** : (१) नगर सभाबाट स्वीकृत बार्षिक विकास योजनामा आधारित भई प्रमुख प्रशासकीय अधिकृतले बार्षिक खरिद योजना स्वीकृत गर्नेछ ।

(२) बार्षिक खरिद योजना महाशाखागत तथा कार्यालयगत रुपमा पनि

स्वीकृत गर्न सकिनेछ। महाशाखागत तथा कार्यालयगत बार्षिक खरिद योजना स्वीकृतिको लागि पेश गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ।

(३) प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ (१) बमोजिम अख्तियारी प्रदान गरेको १० (दश) दिन भित्र बार्षिक खरिद योजना स्वीकृत गर्नु पर्नेछ।

७. **लागत अनुमानको स्वीकृति** : (१) कानुन वमोजिम तयार भएको, पूर्वाधार निर्माण योजना तर्फको लागत अनुमान देहायका अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :

(क) पच्चीस लाख सम्म लागत अनुमान भएको योजनाको कम्तिमा अधिकृत स्तर छैटौं तहको कार्यालय प्रमुख,

(ख) तीन करोड सम्म लागत अनुमान भएको योजनाको कम्तिमा अधिकृत स्तर आठौं तहको कार्यालय, प्रमुख

(ग) बीस करोड सम्म लागत अनुमान भएको योजनाको प्रमुख प्रशासकीय अधिकृत,

(घ) तीस करोड सम्म लागत अनुमान भएको योजनाको नगर प्रमुख,

(ङ) तीस करोड भन्दा बढी रकमको लागत अनुमान नगर कार्यपालिका,

(२) कानुन वमोजिम तयार भएको, परामर्श सेवा तर्फको लागत अनुमान तथा प्रस्तावको स्वीकृति देहायका अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :

(क) पाँच लाख सम्म लागत अनुमान भएको योजनाको कम्तिमा अधिकृत स्तर छैटौं तहको कार्यालय प्रमुख,

(ख) बीस लाख सम्म लागत अनुमान भएको योजनाको कम्तिमा अधिकृत स्तर आठौं तहको कार्यालय प्रमुख,

(ग) साठी लाख सम्म लागत अनुमान भएको योजनाको प्रमुख प्रशासकीय अधिकृत,

(घ) एक करोड सम्म लागत अनुमान भएको योजनाको नगर प्रमुख,

(ङ) एक करोड भन्दा बढी रकमको लागत अनुमान नगर कार्यपालिका,

८. **बोलपत्र स्वीकृत गर्ने अधिकारी** : देहाय वमोजिमको लागत अनुमान

भएका बोलपत्र स्वीकृत गर्ने अधिकार देहाय वमोजिमका अधिकारीलाई हुनेछ :

(क) पच्चीस लाख सम्म लागत अनुमान भएको योजनाको कम्तिमा अधिकृत स्तर छैटौं तहको कार्यालय प्रमुख

(ख) तीन करोड सम्म लागत अनुमान भएको योजनाको कम्तिमा अधिकृत स्तर आठौं तहको कार्यालय प्रमुख,

(ग) बीस करोड सम्म लागत अनुमान भएको योजनाको प्रमुख प्रशासकीय अधिकृत,

(घ) तीस करोड सम्म लागत अनुमान भएको योजनाको नगर प्रमुख,

(ङ) तीस करोड भन्दा बढी रकमको लागत अनुमान नगर कार्यपालिका,

९. **भेरियसन आदेश** : प्रचलित कानुनको प्रकृया पुरा गरी देहायका पदाधिकारीले देहाय वमोजिमको भेरिएशन आदेश जारी गर्न सक्नेछ :

(क) पाँच प्रतिशत सम्मको भेरिएशन आदेश रा.प.द्धित्तिय श्रेणीको कार्यालय प्रमुखले,

(ख) पन्ध्र प्रतिशत सम्मको भेरिएशन आदेश प्रमुख प्रशासकीय अधिकृतले,

(ग) पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएशन आदेश नगर कार्यपालिकाले,

१०. **खरिद संझौताको अवधि थप गर्ने सम्बन्धी ब्यवस्था** : (१) प्रमुख प्रशासकीय अधिकृतले एकै पटक वा पटक पटक गरी शुरु खरिद संझौताामा तोकिएको अवधिको ५० प्रतिशत सम्मको अवधि थप गर्न सक्नेछ।

(२) तोकिएका अधिकारीहरुलाई प्राप्त अधिकार भन्दा थप अवधिको म्याद थप गर्नु पर्दा नगर कार्यपालिकाबाट निर्णय गरे वमोजिम हुनेछ ।

११. **उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने सम्बन्धी ब्यवस्था** :(१) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा लाभग्राही समुदायले योगदान गर्नु पर्ने जनसहभागिताको अंश अनुसूची १ वमोजिम हुनेछ ।

(२) महानगरपालिकाको योगदान पचास प्रतिशत तथा लाभग्राहीको

योगदान पचास प्रतिशत रहने गरी योजना संचालन गर्दा उपभोक्ता समितिबाट संचालन गर्न प्राथमिकता दिइनेछ ।

(३) लाभग्राहीहरुको लागत सहभागिता रहेका तर बोलपत्रको प्रकृयाबाट संचालित योजनाहरुमा बोलपत्र क्रममा लागत अनुमान भन्दा कम रकममा संझौता भएको अवस्थामा घटेको अनुपातमा लागत सहभागिता रकम सोही योजनाको लागत बाँकी काम गर्न उपभोक्ता समितिसँग सम्झौता गर्न सकिनेछ ।

१२. **संघीय नियमावली वमोजिम हुने** : यस नियमावलीमा उल्लेखित विषयमा यसै नियमावली वमोजिम तथा अन्य प्रावधानको हकमा संघीय खरिद नियमावली वमोजिम हुनेछ ।

१३. **विभागीय प्रमुखको अधिकार प्रयोग गर्ने** : यस नियमावलीमा अन्यथा ब्यवस्था भएको वाहेक महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संघीय खरिद नियमावलीमा उल्लिखित विभागीय प्रमुखको अधिकार र जिम्मेवारी प्रयोग गर्नेछ ।

## परिच्छेद–३
## विविध

१४. **खारेजी र बचाउ** : (१) पोखरा महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ खारेज गरिएको छ ।

(२) पोखरा महानगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भएको मानिने छ ।

## अनुसूची – १

| सि.न. | योजनाको प्रकृति | जनसहभागिता अंक |
|---|---|---|
| क. | महानगरपालिकाको सहरी क्षेत्रको सडक, सिंचाई, ढल निकास, फुटपाथ निर्माण लगायतका योजना | आर्थिक ऐन बमोजिम |
| ख. | महानगरपालिकाको ग्रामीण क्षेत्रको सडक, सिंचाई, खानेपानी, पोखरी निर्माण, विद्युतिकरण र ढल निकास जस्ता योजना | आर्थिक ऐन बमोजिम |
| ग. | महानगरभित्र सार्वजनिक प्रयोजनको लागि निर्माण हुने भवनहरु | आर्थिक ऐन बमोजिम |
| घ. | महानगरभित्र निर्माण हुने सामूहीक प्रयोजनका भवनहरु (जस्तै समाजघर वा क्वलको भवन) | आर्थिक ऐन बमोजिम |
| ङ. | चौतारी निर्माण वा मर्मत, बृक्षारोपण जस्ता वातावरणीय आयोजनाहरु | आर्थिक ऐन बमोजिम |
| च. | संघ सरकार र प्रदेश सरकारको सशर्त अनुदानबाट संचालित कार्यक्रमहरुमा जनसहभागितको विषयमा अलग्गै व्यवस्था भएकोमा सोही वमोजिम | आर्थिक ऐन बमोजिम |
| छ. | जनसहभागिता छुट वा मिनाह दिने | आर्थिक ऐन बमोजिम |